# सत्य निरुपण तथा मेलमिलाप आयोग,नेपाल
## ववरमहल, काठमाडौं
## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशित मिति २०७६/०७/०७)

यस आयोगलाई आ.व. २०७६/७७ को लागि दरभाउपत्रमा उल्लेख भए अनुसारका विभिन्न किसिमका स्टेशनरी,मसलन्द तथा कार्यालय सामानहरु खरिद गर्नुपर्ने भएकोले मूल्य अभिबृद्धि करमा दर्ता भएका ईच्छुक इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट देहायका शर्तको अधिनमा रही सिलबन्दी दरभाउपत्रआव्हान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनसम्मको कार्यालय समयभित्र (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी संलग्न गरी रितपूर्वकको निवेदन दिई रु.१,०००/-(एक हजार रुपैयाँ) राजस्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई आयोगको जिन्सी फाँटबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम प्रथमपटक सूचना प्रकाशित भएको १६ (सोऱ्ह) औं दिनको (विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) मध्यान्ह १२:०० बजेसम्म यस आयोगमा बुझाउन सकिनेछ ।

३. कुनै एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन । आपूर्ति गर्नुपर्ने सामानहरुको नमूना आयोगमा आई हेर्न सकिनेछ ।

४. सिलबन्दी दरभाउपत्रसाथ धरौटी बापतको रकम रु.२५,०००/-(पच्चीस हजार पाँच मात्र)सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यालय कोड नं.२७-३११-०५, नेपाल राष्ट्र बैंकमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा नगद जम्मा गरी सोको सक्कल भौचर वा सो रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत (विड वण्ड) तथा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी संलग्न राखी खामबन्दी गरी लाहाछाप लगाई सिलबन्दी गरी पेश गनुपर्नेछ ।

५. आपूर्ति गर्नुपर्ने सामानहरुको नाम र आवश्यक परिमाण दरभाउपत्र फाराममा उल्लेख गरिएको छ । दरभाउपत्रदाताले दररेट भर्दा मु.अ.कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा उल्लेखित सबै आइटमको दररेट भर्नुपर्नेछ ।

६. दरभाउपत्रमा कवोल गरेको आइटमवाइज दर अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएको दरलाई मान्यता दिईने छ ।

७. यस सूचनाको म्यादभित्र प्राप्त हुन आएका दरभाउपत्रहरु १६ (सोऱ्ह) औं दिनको दिन १४:०० बजे यस आयोगमा दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगेको तथा सूचनाको शर्तहरुमा उल्लेखित प्रावधान पुरा नगरेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा आयोगलाई मान्य हुने छैन ।

९. सिलवन्दी दरभाउपत्रसाथ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ ।

१०. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियमानुसार हुनेछन् ।

११. यस सम्बन्धमा अन्य कुरा बुझ्नुपरेमा यस आयोगमा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

द्रष्टव्य : यो सूचना यस आयोगको वेभसाइट www.trc.gov.np मा पनि हेर्न सकिनेछ ।